apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
# अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१
● वर्षः १२ ● अंकः २२५ ● पृष्ठः ४ ● १५ भदौ २०८३ सोमबार (31 August 2026, Monday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/



समाचार ३ पृष्ठ

'सरकार हरेक प्रभावित नागरिकको अभिभावक बनेर उभिन्छ'

## बाढीपहिरोमा ७८८ जनाको मृत्यु, २ हजार ५०२ अझै सम्पर्कविहीन

अपन दैनिक संवाददाता
सिरहा, भदौ १४ गते

रसुवाको भोटेकोशी नदीमा आएको बाढी तथा त्यसपछि गएको पहिरोबाट प्रभावित क्षेत्रमा बेपत्ता भएकाहरूको खोजी तथा उद्धार कार्य जारी रहेको छ। पछिल्लो विवरणअनुसार बाढीपहिरोमा परी ७८८ जनाको मृत्यु भएको पुष्टि भएको छ भने २ हजार ५०२ जना अझै सम्पर्कविहीन छन्।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार विभिन्न प्रभावित जिल्लाबाट हालसम्म ७८८ जनाको शव फेला परेको हो । फेला परेका शवमध्ये रसुवामा १३, नुवाकोटमा ५२, धादिङमा ५०, गोरखामा ५८, नवलपरासी पूर्वमा १९४, नवलपरासी पश्चिममा १२०, तनहुँमा ३७ र चितवनमा २६४ रहेका छन्।



प्राधिकरणका अनुसार बाढीपहिरो प्रभावित क्षेत्रबाट हालसम्म ८ हजार ७३० जनाको उद्धार गरिएको छ । प्रभावित क्षेत्रमा बेपत्ता तथा सम्पर्कविहीन व्यक्तिको खोजीलाई प्राथमिकतामा राख्दै सुरक्षा निकाय तथा स्थानीय प्रशासनले खोजी तथा उद्धार अभियानलाई निरन्तरता दिएका छन्।

सम्पर्कविहीन हुनेमा नेपाल प्रहरीका २५, नेपाली सेनाका ४५, सशस्त्र प्रहरी बल नेपालका १३, भन्सार कार्यालयका १५ तथा अध्यागमन कार्यालयका ४ जना रहेका छन्।

त्यस्तै, जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्रबाट प्राप्त विवरणअनुसार रसुवाका ५६२, नुवाकोटका ११५ र मकवानपुरका ६५ जना सम्पर्कविहीन छन्। विभिन्न जलविद्युत् आयोजनामा कार्यरत ९३३ जना समेत सम्पर्कविहीन रहेको प्राधिकरणले जनाएको छ।

सम्पर्कविहीन हुनेमा ५९२ जना विदेशी नागरिक तथा विदेशी पर्यटकसँगै यात्रा गरेका १२७ जना नेपाली नागरिक पनि रहेका छन् । लाङटाङ राष्ट्रिय निकुञ्जमा कार्यरत

बाँकी पृष्ठ ३ ▸▸

भोटेकोशी बाढीः

## सिरहाका चार पालिकाको २६ लाख ५५ हजार सहयोग

अपन दैनिक संवाददाता
सिरहा, भदौ १४ गते

भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकको उद्धार, राहत तथा पुनर्स्थापनाका लागि सिरहाका चार स्थानीय तहले २६ लाख ५५ हजार ५५५ रुपैयाँ आर्थिक सहयोग गर्ने भएका छन्।

बाढी प्रभावितको राहत तथा पुनर्स्थापनाका लागि लहान नगरपालिकाले ११ लाख, गोलबजार नगरपालिकाले ५ लाख ५५ हजार ५५५, सिरहा नगरपालिकाले ५ लाख र कल्याणपुर नगरपालिकाले ५ लाख रुपैयाँ प्रधानमन्त्री विपद् व्यवस्थापन कोषमा जम्मा गर्ने निर्णय गरेका हुन्।

लहान नगरपालिकाको ७३औं नगर कार्यपालिकाको बैठकले मेयरको एक महिनाको पारिश्रमिकसहित सम्पूर्ण पदाधिकारी तथा नगरपालिकाअन्तर्गत कार्यरत कर्मचारीको एक दिनबराबरको तलब सहयोग गर्ने निर्णय गरेको थियो। उक्त निर्णयबाट ११ लाख रुपैयाँ सहयोग हुने नगरपालिकाले जनाएको छ।

त्यसैगरी गोलबजार, सिरहा र कल्याणपुर नगरपालिकाले पनि बाढी प्रभावितको राहत तथा पुनर्स्थापनाका लागि आर्थिक सहयोग गर्ने निर्णय गरेका थिए । स्थानीय तहहरूले भोटेकोशीमा आएको बाढीबाट भएको ठूलो मानवीय तथा भौतिक क्षतिप्रति दुःख व्यक्त गर्दै विपद्को कठिन घडीमा प्रभावित परिवारको तत्काल उद्धार, आवश्यक राहत र सुरक्षित पुनर्स्थापनालाई प्राथमिकतामा राखिएको जनाएका थिए।

यसैबीच, सिरहा नगरपालिका-४ (रमौल) का वडाध्यक्ष मोहम्मद समसद आलमले आफ्नो चार महिनाको सेवा सुविधाबराबरको रकमबाट बाढी तथा पहिरो प्रभावितका लागि राहत सामग्री खरिद गरेका छन्।

बाँकी पृष्ठ ४ ▸▸

## एमाले मधेश प्रदेश कमिटीको बैठकः बाढी प्रभावित क्षेत्रमा २०० स्वयंसेवक पठाउने निर्णय

अपन दैनिक संवाददाता
महोत्तरी, भदौ १४ गते

नेकपा एमाले मधेश प्रदेश कमिटी सचिवालयको बैठकले रसुवालगायत बाढी प्रभावित क्षेत्रमा स्वयंसेवक परिचालन गर्ने निर्णय गरेको छ।

प्रदेश अध्यक्ष चन्देश्वर मण्डलको अध्यक्षतामा तथा प्रदेश इन्चार्ज लिलानाथ श्रेष्ठको प्रमुख आतिथ्यतामा बर्दिबासमा आइतबार बसेको बैठकले मधेश प्रदेशका आठ वटै जिल्लाबाट २५ जनाका दरले २०० जना स्वयंसेवक बाढी प्रभावित क्षेत्रमा पठाउने निर्णय गरेको हो।




बैठकले मधेश प्रदेशमा पार्टीका पछिल्ला गतिविधिको समीक्षा गर्दै पार्टीले आह्वान गरेको 'मिसन पार्टी जागरण अभियान' लाई प्रभावकारी बनाउने निर्णय गरेको छ।

आगामी भदौ २१ गते बर्दिबासमा मिसन जागरण अभियानसम्बन्धी अभिमुखीकरण कार्यक्रम आयोजना गर्ने बैठकले निर्णय गरेको छ।

समसामयिक विषयमा विभिन्न आठ बुँदे विशेष प्रस्तावसमेत पारित गर्दै बैठकले भदौ १० गते तिब्बतमा हिमताल फुटेर आएको भोटेकोसीको बाढीबाट रसुवा, नुवाकोट, धादिङ, तनहुँ, गोरखा र चितवनलगायतका जिल्लामा भएको जनधनको क्षतिप्रति दुःख व्यक्त गर्दै मृतकहरूप्रति श्रद्धाञ्जली व्यक्त गरेको छ। घाइतेको उपचार तथा प्रभावितलाई राहत र पुनर्स्थापनाको उचित व्यवस्था गर्न सरकारसँग माग गर्दै प्रदेश कमिटीको तर्फबाट पार्टी केन्द्रमार्फत केन्द्रीय दैवी प्रकोप उद्धार कोषमा १ लाख ५० हजार रुपैयाँ उपलब्ध गराउने निर्णय गरेको छ।

त्यस्तै, किसानले मल, बीउ तथा कीटनाशक औषधिको अभाव झेलिरहेको भन्दै तत्काल आपूर्ति सहज बनाउन सरकारको ध्यानाकर्षण गराइएको छ । सर्वसाधारणका लागि एलपीजी ग्यास, इन्धन तथा अत्यावश्यक उपभोग्य वस्तुको सहज आपूर्ति सुनिश्चित गर्न र बढ्दो महँगी नियन्त्रण गर्न पनि बैठकले सरकारसँग माग गरेको छ।

बैठकले स्वास्थ्य बीमा सुविधामा सङ्घीय सरकारले अनुदान कटौती गरेको भन्दै असन्तुष्टि व्यक्त गरेको छ। बजेटमा आवश्यक थप व्यवस्था गरी स्वास्थ्य बीमा सेवा प्रभावकारी

बाँकी पृष्ठ ४ ▸▸

## सप्तकोशीमा पानीको बहाव बढ्यो, ब्यारेजका २२ ढोका खोलिए

अपन दैनिक संवाददाता
सुनसरी, भदौ १४ गते

सप्तकोशी नदीमा जल सतह निरन्तर बढेपछि कोशी ब्यारेजका २२ वटा ढोका खोलिएका छन्।

आइतबार साँझ ६:०० बजे गरिएको जल सतह मापनमा कोशी ब्यारेजमा प्रतिसेकेन्ड एक लाख ८४ हजार ७८५ क्युसेक पानीको प्रवाह हुँदा २१ वटा ढोका खोलिएका थिए। लगातार पानीको बहाव बढेर बेलुका ८:०० बजे प्रतिसेकेन्ड एक लाख ९२ हजार ५३५ क्युसेक पुगेपछि २२ वटा ढोका खोलिएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी चन्द्रबहादुर खड्काले जानकारी दिए।



कोशी ब्यारेजमा पानीको प्रवाह एक लाख ५० हजार क्युसेक नाघेपछि सर्वसाधारणलाई सचेत गराउन खतराको सङ्केत स्वरूप पश्चिमतर्फ रातो बत्ती बाल्ने गरिन्छ।

हाल डुबानको प्रत्यक्ष जोखिम नरहे पनि दिउँसोदेखि नै जल सतह बढिरहेकाले सम्बन्धित निकाय तथा सप्तकोशी आसपासका बासिन्दालाई आवश्यक सतर्कता अपनाउन र जोखिमपूर्ण क्षेत्रमा नजान आग्रह गरिएको सूचना अधिकारी खड्काले बताए।

साथै तटीय क्षेत्रमा बसोबास गर्ने नागरिकलाई सुरक्षित स्थानमा रहन तथा कोशी नदीमा माछा मार्ने र दाउरा सङ्कलन नगर्न जिल्ला प्रहरी कार्यालय सुनसरीले सूचनामार्फत आग्रह गरेको छ।

## लागु औषधसहित एक युवक पक्राउ

अपन दैनिक संवाददाता
सिरहा, भदौ १४ गते

सिरहामा लागु औषध ब्राउन सुगर सहित एक युवक पक्राउ परेका छन्। जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार विशेष सूचनाको आधारमा शनिबार राति चेकजाँचको क्रममा लागुऔषध र मोटरसाइकल सहित युवक पक्राउ परेका हुन्।

सिरहा नगरपालिका वडा नम्बर १५ स्थित बुधौरामा भारतबाट नेपाल तर्फ आउँदै गरेको प्रदेश ०२-००१ प ००७० नम्बरको मोटरसाइकल रोकी चेकजाँच गर्दा चालक सिरहा, गोलबजार नगरपालिका वडा नं. ७

बाँकी पृष्ठ ३ ▸▸




## सार्वजनिक शौचालयको निर्माण र व्यवस्थापन गरौं

- सार्वजनिक शौचालयको निर्माण तथा नागरिकको पहुँच विस्तार गरौं।
- सार्वजनिक शौचालयको जिम्मेवारीपूर्वक प्रयोग गरौं।
- फोहोर, प्लास्टिक वा अन्य वस्तु शौचालयमा नफालौं।
- साबुनपानीले हात धुने बानी अपनाई व्यक्तिगत सरसफाइमा ध्यान दिऔं।
- सार्वजनिक सम्पत्तिको सम्मान गर्दै क्षति पुग्ने कार्य नगरौं।
- शौचालय स्वच्छ राखी रोगको संक्रमण न्यूनीकरणमा योगदान दिऔं।
- सार्वजनिक शौचालय सफा राखौं, सभ्य नागरिकको परिचय दिऔं।

स्वच्छ शौचालय, स्वस्थ समुदाय र सभ्य समाज निर्माणमा सबैले सहयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।**

# सम्पादकीय...

## जयनगर–जनकपुर रेल समृद्धिको साधन बनोस्

नेपालको एक मात्र यात्रु रेल सेवा जनकपुर-जयनगर-भङ्गाहा खण्डमा सञ्चालन भइरहेको छ । तैपनि नेपाल रेलवे कम्पनी आर्थिक रुपमा संकटमा छ। ठूलो लगानीमा पूर्वाधार निर्माण गरेर सञ्चालनमा ल्याइएको रेलले यात्रुलाई सेवा त दिइरहेको छ, तर त्यसको सञ्चालन खर्च धान्न नसक्नु र निरन्तर घाटामा जानु राज्यका लागि गम्भीर चिन्ताको विषय हो। सार्वजनिक यातायातको सेवा भएकाले रेलबाट तत्कालै ठूलो नाफा खोज्नु उचित नहोला, तर आम्दानीको तुलनामा अत्यधिक खर्च हुने र वर्षौंसम्म सुधारको ठोस प्रयास नहुने अवस्थालाई सामान्य मान्न सकिँदैन । नेपाल रेलवे कम्पनीको तथ्यांकले आर्थिक अवस्थाको चित्रण गरेको छ । तीन वर्षमा करिब १८ करोड ४२ लाख रुपैयाँ आम्दानी हुँदा ६४ करोड २६ लाख रुपैयाँ खर्च भएको छ । अर्थात् तीन वर्षमै करिब ४५ करोड ८४ लाख रुपैयाँ घाटा भएको देखिन्छ । कम्पनीमाथि २०८१ असार मसान्तसम्म साँवा र ब्याजसहित ७९ करोड रुपैयाँभन्दा बढी ऋण रहेको छ। आम्दानीले खर्च धान्न नसकेपछि सरकारको जमानीमा ऋण लिएर सञ्चालन धान्ने प्रवृत्ति लामो समयसम्म टिक्न सक्दैन ।

रेलवे घाटामा जानुको एउटा प्रमुख कारण सञ्चालन खर्चको असन्तुलन हो। भारतीय जनशक्तिको तलब, रेलको मर्मतसम्भार, इन्धन र सरसफाइमा ठूलो रकम खर्च भइरहेको छ। भारतीय कम्पनीलाई मात्रै वार्षिक करिब २० करोड रुपैयाँ बुझाइँदा १४८ जना नेपाली कर्मचारीको वार्षिक तलब खर्च करिब पाँच करोड रुपैयाँ रहेको छ । यसले गर्दा व्यवस्थापनमा पुनरावलोकनको आवश्यकता छ। रेल सञ्चालनका लागि आवश्यक दक्ष जनशक्ति क्रमशः नेपालीबाटै तयार गर्ने नीति सरकारले तत्काल लिनुपर्छ। विदेशी प्राविधिकको ज्ञान र अनुभव हस्तान्तरण गराउँदै निश्चित समयभित्र नेपाली जनशक्तिले जिम्मेवारी सम्हाल्ने कार्ययोजना आवश्यक छ। तर रेलवे कम्पनीको समस्या खर्चमा मात्र सीमित छैन । टिकट बिक्रीमै अनियमितता भएको र त्यसमा संलग्न कर्मचारीलाई कारबाही गर्नुपरेको घटनाले व्यवस्थापन तथा निगरानी प्रणालीको कमजोरी देखिएको छ । यात्रुको संख्या दैनिक हजारौँमा रहे पनि टिकट बिक्रीबाट हुने वास्तविक आम्दानी अपेक्षाकृत न्यून हुनु स्वाभाविक प्रश्न हो । पछिल्लो समय व्यवस्थापनको निगरानी बढेपछि दैनिक आम्दानी बढेको छ। यसले गर्दा पारदर्शी टिकट प्रणाली र कडा अनुगमनले मात्र पनि रेलवेको आम्दानीमा उल्लेख्य सुधार ल्याउन सकिने देखाएको छ । त्यसैले डिजिटल टिकटिङ, विद्युतीय भुक्तानी, नियमित लेखापरीक्षण र वास्तविक समयको आम्दानी अनुगमनलाई अनिवार्य गरिनुपर्छ।

रेलवे सञ्चालनको उद्देश्य यात्रु ओसारपसारमा सीमित राख्नु पनि हुँदैन। रेललाई व्यापार र आर्थिक गतिविधिसँग जोड्न सकियो भने यसको आम्दानी बढाउने पर्याप्त सम्भावना छ। यात्रुवाहक सेवासँगै मालवाहक रेल सञ्चालन गर्नु अहिलेको प्रमुख आवश्यकता हो। भारतबाट नेपाल आयात हुने औद्योगिक कच्चा पदार्थ, कोइला, खाद्यान्नलगायतका वस्तु रेलमार्फत ढुवानी गर्न सके उद्योगी-व्यवसायीको लागत घट्न सक्छ भने रेलवेले नयाँ आम्दानीको स्रोत प्राप्त गर्न सक्छ। यसका लागि सीमापार व्यापारसँग जोडिएको दीर्घकालीन मालवाहक रेल रणनीति आवश्यक छ । त्यस्तै, रेलवे कम्पनीको स्वामित्वमा रहेका जग्गा, पोखरी, गोदाम तथा सटरलाई व्यवस्थित र पारदर्शी ढंगले व्यावसायिक उपयोगमा ल्याउनुपर्छ । पोखरीलाई मत्स्यपालनका लागि प्रतिस्पर्धात्मक ठेक्कामा लगाउने, सटरको बजारमूल्यअनुसार भाडा निर्धारण गर्ने, गोदाम र अन्य सम्पत्तिको व्यावसायिक उपयोग गर्ने तथा रेलका स्टेशन र संरचनामा विज्ञापनको सम्भावना उपयोग गर्ने हो भने गैर-टिकट आम्दानी उल्लेख्य रूपमा बढाउन सकिन्छ। तर यस्ता सम्पत्ति उपयोग गर्दा राजनीतिक पहुँच र अपारदर्शी ठेक्का होइन, खुला प्रतिस्पर्धा र सार्वजनिक जवाफदेहिता सुनिश्चित हुनुपर्छ।

रेलवे कम्पनीलाई मुनाफामुखी बनाउने नाममा यात्रु सेवाको गुणस्तर र भाडामा मनपरी गर्न भने हुँदैन। सार्वजनिक यातायातका रूपमा रेलको सामाजिक दायित्व पनि छ। जनकपुरधाम र मधेशका नागरिकका लागि यो यातायातको साधन नभई रोजगारी, व्यापार, शिक्षा, स्वास्थ्य र सीमापार आवतजावतसँग जोडिएको महत्वपूर्ण पूर्वाधार हो। त्यसैले सरकारले नाफा र सार्वजनिक सेवाबीच सन्तुलन कायम गर्नुपर्छ। तर सामाजिक दायित्वको नाममा असीमित घाटा व्यहोर्ने छुट पनि दिनु हुँदैन । सरकारले निश्चित लक्ष्यसहित रेलवे सुधार कार्यक्रम ल्याउनुपर्छ। अनावश्यक खर्च कटौती, विदेशी जनशक्ति क्रमशः प्रतिस्थापन, टिकट प्रणालीमा पूर्ण पारदर्शिता र सम्पत्तिको व्यावसायिक उपयोग गर्नुपर्छ। मालवाहक रेल सञ्चालन, थप गन्तव्य विस्तार र सीमापार व्यापारसँग रेलवे जोड्ने योजना अघि बढाउनुपर्छ। यात्रुको संख्या, आम्दानी, सञ्चालन खर्च र सम्पत्तिबाट प्राप्त आम्दानीका आधारमा कम्पनीको कार्यसम्पादन मापन गर्ने प्रणाली स्थापना गर्नुपर्छ। जसले नेपाल रेल्वेलाई मुनाफा कायम गर्न मद्दत मिल्नेछ।

# विपद् व्यवस्थापनमा निष्ठा, अनुशासन र सुशासन

**तोमनाथ उप्रेती**



नेपाल भौगोलिक, भौगर्भिक र जलवायुगत जोखिमका दृष्टिले संवेदनशील मुलुक हो। बाढी, पहिरो, भूकम्प, हिमपहिरो, हिमताल विस्फोट र अतिवृष्टिजस्ता विपद् यहाँका नियमित चुनौती हुन्। पछिल्ला वर्षमा जलवायु परिवर्तनले यी जोखिमको स्वरूप र तीव्रतालाई थप जटिल बनाएको छ।

रसुवामा भोटेकोशी र त्रिशूली नदी प्रणालीसँग सम्बन्धित विपद्ले जीवन, जीविकोपार्जन, पूर्वाधार र स्थानीय अर्थतन्त्रमा पुर्याएको क्षतिले यस वास्तविकतालाई अझ गम्भीर बनाएको छ। यस्ता घटनामा राज्यको क्षमता केवल उद्धार र राहतबाट मापन हुँदैन । पूर्वतयारी, शीघ्र निर्णय, स्रोत परिचालन, सूचना व्यवस्थापन, जोखिम न्यूनीकरण र पुनर्स्थापनाको समग्र क्षमताबाट यसको मूल्यांकन हुन्छ । त्यसैले विपद् व्यवस्थापनलाई प्रशासनिक कार्य मात्र नभई नागरिक सुरक्षाको आधारभूत दायित्वका रूपमा लिन आवश्यक छ।

विपद्को समयमा निष्ठा, अनुशासन र सुशासनको वास्तविक परीक्षा हुन्छ । निष्ठाले सार्वजनिक पदाधिकारीलाई व्यक्तिगत स्वार्थभन्दा नागरिकको जीवन र सार्वजनिक हितलाई प्राथमिकता दिन प्रेरित गर्छ। अनुशासनले उद्धार, राहत र पुनर्स्थापनाका कार्यलाई समयबद्ध, समन्वित र जिम्मेवार बनाउँछ । सुशासनले स्रोतको पारदर्शी परिचालन, निष्पक्ष राहत वितरण, तथ्यमा आधारित निर्णय र जवाफदेहिता सुनिश्चित गर्छ।

संकटका क्षणमा एउटा निर्णयले जीवन बचाउन सक्छ । एउटा ढिलाइले जोखिम बढाउन सक्छ। त्यसैले विपद् व्यवस्थापनमा प्रशासनिक संवेदनशीलता, व्यावसायिक दक्षता र मानवीय करुणाको संयोजन अपरिहार्य हुन्छ। राज्य संयन्त्रले संकटलाई केवल तत्कालीन क्षतिको व्यवस्थापनका रूपमा होइन, भविष्यका जोखिम घटाउने अवसरका रूपमा ग्रहण गर्नुपर्छ।

प्रशासनमा निष्ठा कमजोर हुँदा अधिकारको स्वरूप बदलिन्छ । सेवा अधिकारबाट कृपामा परिणत हुन्छ । कानून प्रक्रिया मात्र बन्छ । पहुँच न्यायको विकल्प बन्न थाल्छ। चाकरी योग्यताको मापदण्ड बन्छ । यस्तो अवस्थामा संस्थाको आत्मा मर्न थाल्छ । नागरिक राज्यसँग डराउन थाल्छ। विश्वास गर्न छाड्छ। यहींबाट सुशासनको संकट सुरु हुन्छ।

नेतृत्वको भूमिका यस सन्दर्भमा निर्णायक हुन्छ । संस्था कस्तो बन्ने भन्ने कुरा नेतृत्वको चरित्रले निर्धारण गर्छ। नेतृत्व विधिको प्रतीक हुनुपर्छ । नेतृत्व निष्ठाको उदाहरण हुनुपर्छ । नेतृत्व आफैं अनुशासित नभए मातहतबाट अनुशासन अपेक्षा गर्न सकिँदैन । नेतृत्वले पारदर्शिता नअपनाए कर्मचारीबाट पारदर्शिता खोज्नु विरोधाभास हुन्छ। नेतृत्वको व्यवहार नै संस्थाको मौन पाठ्यपुस्तक हो । कर्मचारीले भाषणभन्दा व्यवहारबाट बढी सिक्छन्।

नेपालको सार्वजनिक प्रशासनमा पुरस्कार र दण्डको प्रणालीलाई पनि प्रभावकारी बनाउन आवश्यक छ । राम्रो काम गर्ने कर्मचारीले सम्मान पाउनुपर्छ। उत्कृष्ट कार्यसम्पादनको संस्थागत मूल्यांकन हुनुपर्छ । जिम्मेवारीबाट विमुख हुनेलाई जवाफदेही बनाउनुपर्छ। भ्रष्टाचार र अनियमिततामा शून्य सहनशीलता आवश्यक छ। तर दण्ड पनि न्यायपूर्ण हुनुपर्छ । पूर्वाग्रहपूर्ण कारबाहीले अनुशासन होइन, भय जन्माउँछ । न्यायपूर्ण दण्डले भने संस्थागत मर्यादा बलियो बनाउँछ।

आचारसंहितालाई कार्यालयको संस्कार बनाउनुपर्छ । निष्ठाको शपथ दैनिक आचरणमा देखिनुपर्छ। हितको द्वन्द्व पहिचान गर्नुपर्छ। निर्णय प्रक्रियामा पारदर्शिता बढाउनुपर्छ। सार्वजनिक पदलाई निजी प्रभावबाट मुक्त राख्नुपर्छ। प्रशासनिक निर्णय प्रमाण, कानून र विवेकमा आधारित हुनुपर्छ।

आजको डिजिटल युगले प्रशासनलाई नयाँ अवसर दिएको छ । प्रविधिले पारदर्शिता बढाउन सक्छ । सेवा प्रवाह छिटो बनाउन सक्छ । निर्णय प्रक्रियालाई अभिलेखीकरण गर्न सक्छ । भ्रष्टाचारका सम्भावित क्षेत्र पहिचान गर्न सक्छ। तर प्रविधि आफैं सुशासन होइन । प्रविधि चलाउने मानिस निष्ठावान हुनुपर्छ। डिजिटल प्रणालीभित्र पनि मानवीय सदाचार आवश्यक हुन्छ । खराब संस्कारलाई प्रविधिले मात्र सुधार्न सक्दैन।

नेपालको संघीय संरचनाले प्रशासनिक उत्तरदायित्वलाई अझ जटिल बनाएको छ । संघ, प्रदेश र स्थानीय तहबीच समन्वय आवश्यक छ । अधिकारसँगै जिम्मेवारी स्पष्ट हुनुपर्छ। एउटै काममा धेरै निकायको हस्तक्षेप हुनु हुँदैन। जिम्मेवारी अस्पष्ट हुँदा उत्तरदायित्व पनि अस्पष्ट हुन्छ। त्यसैले संघीय प्रशासनमा समन्वय, सहकार्य र साझा उत्तरदायित्वको संस्कार विकास गर्नुपर्छ।

विपद्का समयमा प्रशासनिक निष्ठा र अनुशासनको वास्तविक परीक्षा हुन्छ। हालै रसुवामा भोटेकोशी र त्रिशूली नदी प्रणालीसँग सम्बन्धित विनाशकारी बाढी र त्यसबाट सिर्जित मानवीय तथा भौतिक संकटले यही प्रश्नलाई अझ तीव्र बनाएको छ । विपद्को समयमा फाइलभन्दा जीवन ठूलो हुन्छ । प्रक्रिया महत्त्वपूर्ण हुन्छ, तर जीवनरक्षा पहिलो प्राथमिकता हो। उद्धारमा ढिलाइ हुनु प्रशासनिक कमजोरी साथै मानवीय संवेदनाको परीक्षा पनि हो । राहत पहुँचयोग्य ठाउँमा मात्र थुप्रिनु पर्याप्त हुँदैन। दुर्गम बस्तीका पीडितसम्म राज्य पुग्नुपर्छ।

रसुवाको विपद्ले राज्य संयन्त्रलाई एउटा गम्भीर पाठ दिएको छ । पूर्वतयारी मैदानमा देखिनुपर्छ। तीन तहका सरकारबीच तत्काल समन्वय हुनुपर्छ । सुरक्षा निकाय, स्थानीय समुदाय र प्राविधिक संस्थाबीच सहकार्य हुनुपर्छ । सूचना प्रणाली विश्वसनीय हुनुपर्छ । जोखिमको पूर्वानुमान गर्न सक्ने क्षमता बढाउनुपर्छ। उद्धारपछि पुनर्वासको स्पष्ट योजना हुनुपर्छ । विपद् व्यवस्थापनलाई राहत वितरणमा सीमित राख्नु हुँदैन। यसलाई राष्ट्रिय प्रशासनिक क्षमताको अभिन्न अंग बनाउनुपर्छ।

यस्ता संकटमा निष्ठावान प्रशासनले फरक देखाउँछ। निष्ठावान कर्मचारी आदेश पर्खेर मात्र बस्दैन । उसले परिस्थितिको गम्भीरता बुझ्छ । उपलब्ध साधन परिचालन गर्छ । नागरिकको जीवनलाई केन्द्रमा राख्छ। अनुशासित प्रशासनले स्रोतको दुरुपयोग हुन दिँदैन। राहतमा विभेद हुन दिँदैन। तथ्यांक लुकाउँदैन। क्षतिको वास्तविक विवरण संकलन गर्छ। यही व्यवहारले संकटलाई अवसरमा बदल्न सक्छ।

प्रशासनको अर्को महत्वपूर्ण चुनौती राजनीतिक निष्पक्षता हो। लोकतन्त्रमा राजनीतिक नेतृत्व जनादेशबाट आउँछ। प्रशासन स्थायी संस्थागत स्मृतिका रूपमा रहन्छ । त्यसैले प्रशासनले निर्वाचित सरकारका नीति कार्यान्वयन गर्नुपर्छ । तर कानून र पेशागत मर्यादा छाड्नु हुँदैन । राजनीतिक निर्देशन र प्रशासनिक निष्ठाबीच सन्तुलन आवश्यक छ । प्रशासन राजनीतिक स्वार्थको उपकरण बन्नु हुँदैन । त्यस्तै, प्रशासन आफैं जनउत्तरदायित्वबाट मुक्त शक्ति केन्द्र पनि बन्नु हुँदैन।

सार्वजनिक प्रशासनको शक्ति नागरिकको विश्वासमा निहित हुन्छ । विश्वास आदेशले निर्माण हुँदैन। व्यवहारले निर्माण हुन्छ। एउटा कर्मचारीको नम्र व्यवहारले पनि राज्यप्रतिको धारणा बदल्न सक्छ। एउटा निष्पक्ष निर्णयले नागरिकको भरोसा बढाउन सक्छ । त्यसैगरी एउटा अन्यायपूर्ण व्यवहारले वर्षौंको संस्थागत विश्वास भत्काउन सक्छ। त्यसैले प्रत्येक सार्वजनिक पदाधिकारी राज्यको प्रतिनिधि हो । उसको आचरणमा राज्यको चरित्र देखिन्छ।

नैतिक प्रशासन निर्माणका लागि शिक्षा र प्रशिक्षण पनि आवश्यक छन्। तर प्रशिक्षण केवल नियम पढाउने अभ्यास हुनु हुँदैन। त्यसमा नैतिक द्वन्द्वको अभ्यास हुनुपर्छ । निर्णयका परिणामबारे छलफल हुनुपर्छ। नागरिकका पीडा बुझ्ने अवसर हुनुपर्छ। नेतृत्व विकासलाई प्राथमिकता दिनुपर्छ। कर्मचारीलाई अधिकारसँगै उत्तरदायित्वको चेतना दिनुपर्छ । प्रशासनिक ज्ञानसँगै मानवीय संवेदना पनि आवश्यक हुन्छ।

अन्ततः राज्यको वास्तविक शक्ति भवनमा होइन, संस्थाको चरित्रमा हुन्छ। प्रशासनको वास्तविक गौरव पदमा होइन, सेवामा हुन्छ। नेतृत्वको वास्तविक उचाइ अधिकारमा होइन, उत्तरदायित्वमा हुन्छ। निष्ठा प्रशासनको मेरुदण्ड हो। अनुशासन त्यसको चाल हो। सदाचार त्यसको आत्मा हो। सुशासन त्यसको परिणति हो।

नेपालको समृद्धिको यात्रा केवल आर्थिक सूचकांकले पूरा हुँदैन । यसका लागि विश्वासिलो संस्था चाहिन्छ। सक्षम प्रशासन चाहिन्छ। निष्पक्ष नेतृत्व चाहिन्छ। जवाफदेही कर्मचारीतन्त्र चाहिन्छ। नागरिकमैत्री सेवा चाहिन्छ। यी सबैको आधार एउटै हो–नैतिक सार्वजनिक जीवन।

त्यसैले अब प्रशासन सुधारको बहसलाई संरचना र प्रक्रियाभन्दा माथि उठाउनुपर्छ । यसलाई चरित्र र संस्कारसँग जोड्नुपर्छ। निष्ठालाई संस्थागत मूल्य बनाउनुपर्छ । अनुशासनलाई

बाँकी पृष्ठ ३ ▸▸

## आजको राशिफल

**मेष :** आज अनावश्यक खर्च बढ्न सक्ने भएकाले बजेट नियन्त्रणमा विशेष ध्यान दिनुहोला।

**बृष :** आम्दानीका नयाँ स्रोतहरू पहिल्याउन सकिनेछ र रोकिएका पुराना धन फिर्ता आउने सम्भावना छ।

**मिथुन :** आजको दिन कर्मक्षेत्रमा विशेष सफलता र मान-सम्मान दिलाउने खालको छ।

**कर्कट :** भाग्यले साथ दिनेछ र रोकिएका कामहरू क्रमशः सुचारु हुँदै जानेछन्।

**सिंह :** स्वास्थ्य र खानपानमा विशेष सावधानी अपनाउनुपर्ने देखिन्छ।

**कन्या :** व्यापार-व्यवसायमा राम्रो लाभ मिल्नेछ र नयाँ सम्झौताहरू हुन सक्नेछन्।

**तुला :** प्रतिस्पर्धीहरूलाई पछाडि पार्दै आफ्ना योजनाहरू सफलतापूर्वक सम्पन्न गर्न सकिनेछ।

**वृश्चिक :** बौद्धिक तथा रचनात्मक काममा सोचेभन्दा राम्रो सफलता मिल्नेछ।

**धनु :** घर-जग्गा वा सवारी साधनको खरिद-बिक्री सम्बन्धी काममा विचार पुर्‍याएर मात्र निर्णय लिनुहोला।

**मकर :** आफ्नो आत्मबल, पराक्रम र कार्यक्षमतामा वृद्धि हुनेछ। दाजुभाइ तथा शुभचिन्तकहरूको भरपूर साथ र सहयोग पाइनेछ।

**कुम्भ :** वाणीमा मिठास रहनेछ जसका कारण अरूको मन सजिलै जित्न सकिनेछ।

**मीन :** मनमा नयाँ ऊर्जा र उत्साह थपिनुका साथै व्यक्तित्व निखरिएर आउनेछ।



**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# मुक्त हरवाचरवाको माग सम्बोधन नभएपछि आन्दोलन थप सशक्त बनाउने चेतावनी




**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, भदौ १४ गते**

मुक्त हरवाचरवाको पहिचान, लगत संकलन, प्रमाणीकरण, परिचयपत्र वितरण तथा दिगो पुनर्स्थापनाको माग गर्दै हरवाचरवा संघर्ष समितिको आयोजनामा जनकपुरधाममा जारी अनिश्चितकालीन धर्ना थप सशक्त बनाउने भएको छ।

मधेश प्रदेश सरकारको पुरानो मुख्यमन्त्री कार्यालय अगाडि मिल्स एरियामा भदौ १० गतेदेखि सुरु भएको धर्नाप्रति प्रदेश सरकारले हालसम्म ठोस पहल नगरेको भन्दै संघर्ष समितिले आन्दोलनलाई थप सशक्त बनाउने निर्णय गरेको हो।

मुक्त हरवाचरवा अधिकार मञ्चको अगुवाइमा यसअघि साउन २९ गते मधेश प्रदेश सरकारलाई बुझाएको ज्ञापनपत्रमा कुनै सुनुवाइ नभएपछि हरवा चरवाहरु धर्नामा बस्दै आएका छन्।

निर्धारित समयभित्र माग सम्बोधन नभएपछि भदौ ९ गते मधेश प्रदेशका आठवटै जिल्लाबाट आएका हजारौं मुक्त हरवाचरवाको सहभागितामा जनकपुरधामस्थित रेलवे स्टेशनदेखि मुख्यमन्त्रीको कार्यालयको गेटसम्म विरोध प्रदर्शन गरिएको थियो। प्रदर्शनपछि मुख्यमन्त्रीको कार्यालयले संघर्ष समितिलाई वार्ताका लागि बोलाए पनि भदौ १० गते प्रदेश सरकार र संघर्ष समितिबीच भएको वार्ता निष्कर्षविहीन भएपछि आन्दोलनकारीले अनिश्चितकालीन धर्ना सुरु गरेका छन्। संघर्ष समितिका संयोजक श्रीप्रसाद सदाले मुक्त हरवाचरवाको समस्या केवल राहत वा तत्कालीन सहायताको विषय नभई पहिचान, भूमि अधिकार, सम्मानजनक जीवन र दीर्घकालीन पुनर्स्थापनासँग जोडिएको मौलिक अधिकारको विषय भएको बताए। उनले प्रदेश सरकारले तत्काल स्पष्ट कार्ययोजना स्वीकृत गरी लगत संकलन, प्रमाणीकरण, परिचयपत्र वितरण र भूमिहीन हरवाचरवा परिवारको दिगो पुनर्स्थापना सुनिश्चित नगरेसम्म आन्दोलन नरोकिने चेतावनी दिए।

आन्दोलन परिचालन समितिका सदस्य वालाराम भट्टराईका अनुसार भदौ १४ गते बसेको संघर्ष समितिको बैठकले आन्दोलनलाई अझ सशक्त बनाउने निर्णय गरेको छ। उनका अनुसार माग सम्बोधन नभएसम्म धर्ना, र्‍याली, मैनबत्ती जुलुसलगायतका कार्यक्रम सञ्चालन गरिनेछ। साथै आन्दोलनमा ऐक्यबद्धता जनाउन राजनीतिक दल, नागरिक समाज, मानव अधिकारकर्मी, सञ्चारकर्मी, व्यवसायी, बुद्धिजीवी, कानुनविद् तथा सम्पूर्ण सरोकारवालालाई आह्वान गरिनेछ।

संघर्ष समितिले प्रदेश सरकारलाई वार्तामार्फत समस्या समाधान गरी मुक्त हरवाचरवाको सम्मानजनक पुनर्स्थापनाका लागि तत्काल ठोस निर्णय लिन आग्रह गरेको छ।

## लागु औषधसहित एक युवक ...........

बस्ने २६ वर्षीय राकेश यादव पक्राउ परेका हुन्।

सिरहा प्रहरी प्रवक्ता रमेश बहादुर पालका अनुसार मोटरसाइकलको भाइजर भित्र कालो प्लास्टिकमा लुकाई राखेको अवस्थामा लागूऔषध ब्राउन सुगर ६ ग्राम १ सय ३० मिलिग्राम फेला परेको हो। पक्राउ परेका युवकलाई मोटरसाइकल सहित थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालयमा ल्याई थप अनुसन्धान थालेको प्रहरीले जनाएको छ।

❍ ग्राहक बन्नु परेमा।
❍ नवीकरण गर्नु परेमा।
❍ ठेगाना परिवर्तन भएमा।
❍ पत्रिका नियमित नआएमा।
सिधा सम्पर्क
०३३-५२१२१४
बिहान १० बजे देखि ५ बजेसम्म




# 'सरकार हरेक प्रभावित नागरिकको अभिभावक बनेर उभिन्छ'

**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ १४ गते**




प्रधानमन्त्री वालेन्द्र शाहले एकता र सामूहिक प्रयासबाट नै यस संकटलाई परास्त गर्न सफल हुनेमा आशा व्यक्त गरेका छन्।

आइतबार सामाजिक सञ्जालमार्फत प्रधानमन्त्री शाहले रसुवाको भोटेकोशी नदीमा गएको बाढीबाट सृजित संकट समाधानमा नेपाल सरकार हरेक प्रभावित नागरिकको अभिभावक बनेर उभिएको उल्लेख गरेका छन्।

प्रभावित प्रत्येक व्यक्तिसम्म राहत पुऱ्याउने र पुनःनिर्माण तथा पुनःस्थापनाको कार्यलाई पूर्ण नतिजा नआएसम्म निरन्तर जारी राख्ने उनले प्रतिबद्धता व्यक्त गरेका छन्।

'विगत पाँच दिनदेखि हाम्रो देशले अकल्पनीय र हृदयविदारक प्राकृतिक विपद्को सामना गरिरहेको छ। रसुवाको भोटेकोशी नदीमा गएको भीषण बाढीले पुऱ्याएको जनधन तथा भौतिक क्षतिको पूर्ण विवरण संकलन गर्न अझै चुनौतीपूर्ण बनिरहेको छ। प्रतिकूल मौसम, जटिल भूगोल र लगातारको जोखिमका कारण यो काम चुनौतीपूर्ण भए पनि हामी दृढताका साथ नागरिकको जीवनरक्षाका लागि अघि बढिरहेका छौँ,' प्रधानमन्त्री शाहले भनेका छन्, 'आफ्ना प्रियजन, घरबार र जायजेथा गुमाउँदाको पीडाभन्दा ठूलो अन्य केही हुन सक्दैन। आफ्ना नागरिकहरू संकटमा परेको यस दुःखी घडीमा नेपाल सरकार अत्यन्तै गम्भीर, स्तब्ध र संवेदनशील छ। हामी कुनै पनि बहाना नबनाई सम्पूर्ण राज्य संयन्त्रलाई युद्धस्तरमा परिचालन गरेर प्रभावित क्षेत्रका प्रत्येक नागरिकको जीवनरक्षा र राहतमा अहोरात्र खटिरहेका छौँ। नागरिकको सुरक्षा र अभिभावकत्व प्रदान गर्नु सरकारको सर्वोच्च दायित्व हो र यसलाई पूर्ण निष्ठाका साथ पूरा गर्न हामी प्रतिबद्ध छौँ।'

प्रधानमन्त्री शाहले बाढी गए लगत्तै सरकारले प्रभावित क्षेत्रबाट पीडित नागरिकको उद्धारलाई तीव्र पारेको बताएका छन्। प्रतिकूल मौसम र विकट भौगोलिक परिस्थितिबीच पनि प्रभावित क्षेत्रबाट केहीबेर अघिसम्म नौ हजार ४३५ जनालाई हवाई र स्थलमार्गमार्फत उद्धार गरी सुरक्षित स्थानमा ल्याइएको उनले जानकारी दिएका छन्।

साथै राहत तथा उद्धार कार्यका लागि आइतबरमात्रै थप ७२ सहित ३९४ उडान भरिसकेको अवस्था छ। प्रभावित क्षेत्रमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालका गरी २० हजार ६१८ सुरक्षाकर्मी खटिएको उनले बताएका छन्।

प्रभावित क्षेत्रका विद्युत् आयोजना क्षेत्रबाट नेपाली सेनाको हेलिकप्टरमार्फत केहीबेर अघिसम्म २७९ जनाको उद्धार गरिसकिएको उनले बताए।

शाहले रसुवाको माथिल्लो त्रिशूली-१ आसपासबाट २ दिनमा २५० जनाको उद्धार गरिएको जानकारी दिएका छन्। चिनियाँ र कोरियन विशेषज्ञ टोलीले नेपाली सेनासँग समन्वय गरी यस क्षेत्रमा उद्धारको प्रयास जारी राखेको बताउँदै उनले चिनियाँ टोलीले सुरुङभित्र तीन किलोमिटरसम्म खोज गरिसकेको उल्लेख गरेका छन्।

तर, अहिलेसम्म मानिस फेला पार्न नसकेको प्रधानमन्त्री शाहले उल्लेख गरेका छन्।

'नेपालले व्यहोरिरहेको यो विपद्मा देशभित्रै सहयोग गर्ने क्रम जारी छ। छिमेकी मुलुक भारत र चीनबाट उद्धारका सामग्रीसहित राहत सामग्री उपलब्ध भएको छ। नेपाल सरकारले प्रभावित क्षेत्रका विभिन्न सुरक्षित स्थानमा राहत पुऱ्याइसकेको छ,' उनले भनेका छन्।

काठमाडौँको त्रिभुवन विमानस्थलको वेयरहाउस, जिल्ला प्रशासन कार्यालय काठमाडौँ र सामाखुसीको नेपाल प्रहरीको विपद् तालिम केन्द्रमा संकलित राहत सामग्री हवाई तथा स्थलमार्गबाट नुवाकोटको बट्टारमा रहेको नेपाली सेनाको मैथिल ब्यारेक र रसुवाको उत्तरगयामा पुऱ्याइएको उनले जानकारी दिएका छन्।

'मैथिल ब्यारेकबाट धादिङको बैरेनी प्रहरी कार्यालय र रसुवाको धुञ्चेस्थित नेपाली सेनाको ब्राबेल ब्यारेक पुऱ्याइएको छ,' प्रधानमन्त्री शाहले भनेका छन्।

प्रधानमन्त्री शाहका अनुसार प्रभावित क्षेत्रका अधिकांश स्थानमा सञ्चार सेवा पुनः सुरु भइसकेको छ। आइतबार मात्रै नेपाल दूरसञ्चार प्राधिकरणले सहयोगमा प्राप्त गरेका २० वटा स्याटलाइट फोन प्रभावित क्षेत्रमा पठाएको उनले जानकारी दिएका छन्।

नेपाल टेलिकमका १२० र एनसेलका ७८ वटा बिटिएस टावर सञ्चालनमा रहेकोमा बाढीका कारण नेपाल टेलिकमका ३८ तथा एनसेलका २७ वटा टावरको सेवा अवरुद्ध भएको थियो। जसमध्ये अहिलेसम्म नेपाल टेलिकमका १०६ र एनसेलका ७५ वटा टावर सञ्चालनमा आइसकेका छन् भने बाँकी टावरहरू पनि चाँडै सञ्चालनमा ल्याउने प्रयास भइरहेको छ।

प्रधानमन्त्री शाहका अनुसार बाढी प्रभावित क्षेत्रमा वैकल्पिक सडकहरू सञ्चालनमा ल्याएर प्रभावित क्षेत्रलाई जोड्ने प्रयास भइरहेको छ।

तर, गएराति भोटेकोशीमा पानीको सतह बढ्दा पहिरो जाँदा वैकल्पिक सडकहरूमा असर परिरहेको उनको भनाइ छ।

साथै, कृष्णभीर क्षेत्रमा कटान हुँदा सडकमा यातायात सेवा अवरुद्ध भएको बताउँदै उनले सरकारका संयन्त्रहरूले यथाशीघ्र सडक पुनः सञ्चालनमा ल्याउन कोसिस गरिरहेको उल्लेख गरेका छन्।

बाढीका कारण ज्यान गुमाएका ७८१ जनाको शव फेला परेको उनले बताएका छन्।

नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपालको सहयोगमा यी शवको व्यवस्थापन भइरहेको शाहले जानकारी दिएका छन्। पहिचान भएका शव आफन्तको जिम्मा लगाउने काम भइरहेको छ भने पहिचान हुन नसकेका शवको कानुन बमोजिम प्रक्रिया पूरा गरी जमिनमुनि व्यवस्थापन सुरु भइसकेको उनले बताएका छन्।

## विपद् व्यवस्थापनमा निष्ठा, अनुशासन .............

कार्यसंस्कृति बनाउनुपर्छ। सदाचारलाई सार्वजनिक जीवनको मानक बनाउनुपर्छ। सुशासनलाई राज्यको दैनिक व्यवहार बनाउनुपर्छ।

जब पदभन्दा कर्तव्य ठूलो हुन्छ, प्रशासन बलियो हुन्छ। जब अधिकारभन्दा उत्तरदायित्व ठूलो हुन्छ, नेतृत्व विश्वसनीय हुन्छ। जब स्वार्थभन्दा सार्वजनिक हित ठूलो हुन्छ, सुशासन जन्मन्छ। र जब राज्य तथा नागरिकबीच विश्वासको पुल बलियो हुन्छ, त्यहीँबाट समृद्ध राष्ट्रको यात्रा सुरु हुन्छ।

## बाढीपहिरोमा ७८८ .....

तीन जना र क्वारेन्टाइन कार्यालयका तीन जना पनि सम्पर्कविहीन रहेको विवरणमा उल्लेख छ।

बाढीपहिरो प्रभावित क्षेत्रमा नेपाल प्रहरी, नेपाली सेना, सशस्त्र प्रहरी बल, स्थानीय प्रशासन तथा सम्बन्धित निकायको समन्वयमा खोजी, उद्धार, राहत तथा प्रभावितको व्यवस्थापनका काम भइरहेको छ। बेपत्ता तथा सम्पर्कविहीन व्यक्तिको अवस्था पत्ता लगाउन खोजी अभियानलाई थप तीव्रता दिइएको सम्बन्धित निकायले जनाएको छ।


माँ भगवत्ति बेकरी एण्ड स्वीट्स
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ।

अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

# रसुवा बाढीमा मधेशका अझै एक सय ९२ सम्पर्कविहीन,३० जना सम्पर्कमा

**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ १४ गते**

पाँच दिनअघि आएको भीषण बाढीमा परेर मधेश प्रदेशअन्तर्गत पर्ने आठ जिल्लामा घर भई रसुवामा विभिन्न पेसा, व्यवसाय गरेर बसिरहेकामध्ये एक सय ९२ जना सम्पर्कविहीन भएका छन्।

मधेश प्रदेश प्रहरी कार्यालयका अनुसार बाढीपछि पर्सा ४०, बारा २५, रौतहट १९, सर्लाही १९, महोत्तरी १७, धनुषा १३, सिरहा १०, सप्तरी ४९ गरी एक सय ९२ सम्पर्कविहीन भएकामध्ये आइतबार बिहानसम्म पर्सा २, बारा २, रौतहट ६, सर्लाही ३, महोत्तरी ७, धनुषा ७, सिरहा २ र सप्तरीका एक गरी ३० जना सम्पर्कमा आएका छन्। बाढीपछि सम्पर्कविहीन हुनेमा सबैभन्दा बढी सप्तरीबाट ४८ जना र पर्साबाट ३८ जना रहेको प्रदेश प्रहरीले जनाएको छ।

प्रदेश प्रहरीका अनुसार रसुवाका विभिन्न प्रहरी युनिटमा कार्यरत रहेको अवस्थामा बाढीपछि सम्पर्कविहीन भएका नौजनामध्ये ६ सम्पर्कमा आएको र प्रहरी चौकी गोल्जुङबेंसी रसुवा दरबन्दी भई टिमुरेस्थित इलाका प्रहरी कार्यालयमा कार्यरत पर्साको पर्सागढी न.पा. ९ घर भएका श्रवणकुमार यादव, रौतहटको गौर नगरपालिका-९ घर भई अस्थायी प्रहरी पोस्ट मैलुङमा कार्यरत नवीनकुमार सिंह सम्पर्कविहीन छन्। त्यस्तै, सर्लाहीको रामनगर गा.पा. २ घर भई जिल्ला प्रहरी कार्यालय रसुवामा कार्यरत गजेन्द्र राय अझै सम्पर्कविहीन अवस्थामा रहेको प्रहरीले जनाएको छ।

बाढीपछि रौतहट मौलापुर न.पा. ७ सगैया घर भई नेपाली सेनाको सुवेश मैलुङ पोस्टमा कार्यरत २३ वर्षीय अभिषेक गुप्ता र बाराको सुवर्ण गा.पा. १ घर भई रसुवास्थित नेपाली सेनामा कार्यरत सुरजकुमार साह पनि सम्पर्कविहीन अवस्थामा रहेको प्रदेश प्रहरीले जनाएको छ।

# बाढीले क्षतिग्रस्त बैंकभित्रबाट प्रहरीले डेढ करोड नगद र ५० करोडको सुन सुरक्षित निकाल्यो

**अपन दैनिक संवाददाता**
**काठमाडौं, भदौ १४ गते**



नेपाल प्रहरीले बाढीले क्षतिग्रस्त बनेको कृषि विकास बैंक त्रिशूली ढुंगे शाखाबाट करोडौं बराबरको नगद र सुन सुरक्षित स्थानमा सारेको छ।

आइतबार आठ घण्टाको निरन्तर प्रयासपछि बैंकमा रहेको डेढ करोड नगद र अनुमानित ५० लाख बराबरको सुन सुरक्षित स्थानमा सारेको प्रहरीले जनाएको छ।

यस्तै, बैंकबाट केही महत्वपूर्ण कागजात पनि सुरक्षित फेला परेको प्रहरीले भनेको छ।

प्रहरीले उक्त प्रयासको संक्षिप्त भिडिओ सामाजिक सञ्जालमा सेयर पनि गरेको छ।




## एमाले मधेश प्रदेश कमिटीको बैठक ............

रूपमा सञ्चालन गर्न सरकारसँग माग गरिएको छ।

मधेश प्रदेशमा हत्या, हिंसा तथा बलात्कारका घटना बढ्दै गएको भन्दै बैठकले चिन्ता व्यक्त गरेको छ। नागरिकलाई शान्ति सुरक्षाको प्रत्याभूति दिलाउन प्रभावकारी सुरक्षा व्यवस्था मिलाउन सरकारसँग जोडदार माग गरिएको छ।

नेपालमै उत्पादन भएको विद्युत्मा जनतालाई थप आर्थिक भार पर्ने गरी लगाइएको मूल्य अभिवृद्धि कर तत्काल फिर्ता लिनसमेत बैठकले सरकारसँग माग गरेको छ। युवामा लागुऔषध दुर्व्यसन बढ्दै गएकोप्रति चिन्ता व्यक्त गर्दै त्यसको नियन्त्रणका लागि विशेष योजना ल्याउन सरकारसँग माग गरिएको छ।

बैठकले भूमिहीन तथा सुकुमबासीको समस्यालाई समेत गम्भीरतापूर्वक उठाएको छ। सरकारले जनताको गाँस, बास, कपास, स्वास्थ्य, शिक्षा र सुरक्षाको ग्यारेन्टी गर्नुपर्ने भन्दै लामो समयदेखि बसोबास गर्दै आएका भूमिहीनको घरबार भत्काएर उनीहरूलाई थप विस्थापित बनाउने काम रोक्न माग गरिएको छ।

बैठकले घरबारविहीन भएका सुकुमबासी परिवारका लागि तत्काल बासको व्यवस्था गर्न तथा मधेश प्रदेशमा रहेका भूमिहीन सुकुमबासीलाई जग्गाको व्यवस्था गर्न सरकारसँग माग गरेको छ।

त्यसैगरी, दर्तालगायत सम्पूर्ण प्रक्रिया पूरा गरी निर्माण सुरु हुने चरणमा रहेको बर्दिबास मेडिकल कलेज का लागि यसअघि छुट्याउँदै आएको बजेटलाई निरन्तरता दिँदै चालु आर्थिक वर्षमा थप स्रोत सुनिश्चित गरी निर्माण प्रक्रिया अघि बढाउन नेपाल सरकारसँग जोडदार माग गर्ने निर्णय बैठकले गरेको छ।

बैठकले मधेश प्रदेशमा पार्टी सङ्गठनलाई थप प्रभावकारी र गतिशील बनाउँदै जनताका समसामयिक समस्या तथा सरोकारका विषयमा पार्टीको भूमिका प्रभावकारी बनाउने निष्कर्षसमेत निकालेको छ।

## सिरहाका चार पालिकाको २६ लाख ५५ हजार ............

वडाध्यक्ष आलमले खाद्यान्न, औषधि, लत्ताकपडालगायतका आवश्यक सामग्री खरिद गरी आइतबार प्रभावित क्षेत्रमा पठाएका थिए। विपद्का कारण प्रभावित परिवारलाई तत्काल आवश्यक सामग्री उपलब्ध गराउने उद्देश्यले व्यक्तिगत सेवा सुविधाबाट रकम खर्च गरी राहत सामग्री पठाइएको उनले बताएका छन्। विपद्को कठिन घडीमा प्रभावित नागरिकको उद्धार, राहत तथा पुनर्स्थापनाका लागि स्थानीय तह, जनप्रतिनिधि तथा अन्य क्षेत्रबाट समेत सहयोग जुट्न थालेको छ।

# बाढीपीडितका लागि लहानका मुस्लिम समुदायको सहकार्य, ४ टन राहत सामग्री प्रभावित क्षेत्रमा पठाइयो

**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ १४ गते**



भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकको उद्धार, राहत तथा पुनःस्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले सिरहाको लहानका मुस्लिम समुदायले मानवीय सहयोगको उदाहरण प्रस्तुत गरेका छन्। समुदायस्तरबाट नगद तथा जिन्सी राहत सामग्री संकलन गरी बाढी प्रभावित क्षेत्रमा पठाइएको हो।

बाढीबाट भएको ठूलो मानवीय तथा भौतिक क्षतिप्रति दुख व्यक्त गर्दै लहानका मुस्लिम समुदायले २ लाख ७० हजार रुपैयाँ संकलन गरेका छन्। शुक्रबार जुमाको नमाजपछि लहानका विभिन्न मस्जिदमा गरिएको अपिलपछि समुदायका व्यक्तिहरूले क्यूआरमार्फत पनि रकम जम्मा गरेका हुन्।

यस अभियानको अगुवाइ युथ मुस्लिम वेलफेयर सोसाइटी नेपाल, लहानले गरेको हो। सोसाइटीका अध्यक्ष इसराइल सिद्दिकीका अनुसार बाढीपीडितका लागि करिब ४ टन भन्दा बढी राहत सामग्री संकलन गरी ट्रकमार्फत प्रभावित क्षेत्रतर्फ पठाइएको छ।

राहत सामग्रीमा चामल, दाल, पिठो, चिउरा, भुजा, आलु, प्याज, चाउचाउ, कपडा, साबुन, ब्रस, टावेल, बाल्टी, जग, शुद्ध खानेपानी, औषधि तथा स्वास्थ्य सामग्री, जुत्ता-चप्पललगायत दैनिक जीवनमा आवश्यक सामग्री छन्।

विपद्को पीडामा परेका नागरिकलाई आफ्नो समुदायको सदस्यझैं सम्झेर लहानका मुस्लिम समुदायले सहयोगको हात बढाएको सोसाइटीका प्रतिनिधिहरूले बताएका छन्। उनीहरूका अनुसार राहत केवल सामग्री हस्तान्तरण मात्र नभई विपद्मा परेका परिवारको दुःखमा साथ दिने मानवीय दायित्व हो।

भोटेकोशीमा आएको भीषण बाढीका कारण विशेषगरी रसुवालगायत प्रभावित क्षेत्रमा ठूलो जनधनको क्षति हुनुका साथै धेरै नागरिक विस्थापित भएका छन्। आफन्त गुमाएका, घरबारविहीन बनेका र आधारभूत आवश्यकतासमेत पूरा गर्न कठिनाइ भोगिरहेका परिवारसम्म राहत पुऱ्याउन समुदायस्तरबाट गरिएको यो प्रयासले विपद्को समयमा सामाजिक एकता र मानवीय संवेदनाको सन्देश दिएको छ।

यसअघि सोसाइटीले बाढीपीडितका लागि सहयोग गर्न लहान-५ स्थित बाखा बजार नजिक राहत संकलन केन्द्र सञ्चालन गर्दै संघ-संस्था, निजी क्षेत्र, नागरिक समाज, उद्योगी, व्यवसायी तथा सर्वसाधारणलाई स्वेच्छिक सहयोगका लागि आह्वान गरेको थियो।

यता, लहानमा व्यक्तिगत तथा संस्थागत रूपमा प्रधानमन्त्री दैवी प्रकोप राहत कोषमा क्यूआरमार्फत रकम जम्मा गर्ने क्रम अझै जारी रहेको बताइएको छ।

"विपद्को यो कठिन घडीमा पीडित परिवारको घाउमा मलम लगाउनु हामी सबैको साझा दायित्व हो," मुस्लिम अगुवा तथा वेलफेयर सोसाइटीका प्रतिनिधिहरूले भनेका छन्, "सक्नेले आफ्नो क्षमताअनुसार सहयोग गरेर मानवीय एकता र सामाजिक उत्तरदायित्व प्रस्तुत गर्नुपर्छ।" लहानबाट पठाइएको राहतले विपद्बाट प्रभावित परिवारका लागि तत्कालीन आवश्यकतामा केही राहत पुऱ्याउने अपेक्षा गरिएको छ।

# रास्वपा बैठकमा रविको निर्देशनः देखावटीभन्दा प्रभावकारी सहयोग प्राथमिकतामा राख्नू

**अपन दैनिक संवाददाता**
**काठमाडौं, भदौ १४ गते**



सत्तारुढ दल रास्वपाका सभापति रवि लामिछानेले रसुवा बाढी प्रभावितको सुरक्षालाई पहिलो प्राथमिकता राख्न पार्टीका नेता कार्यकर्तालाई निर्देशन दिएका छन्। आइतबार बसेको केन्द्रीय समितिको भर्चुअल बैठकमा उनले देखावटीभन्दा प्रभावकारी सहयोग र प्रभावित नागरिकको सुरक्षालाई पहिलो प्राथमिकता दिन भनेका हुन्।

'राहत तथा उद्धार कार्यमा देखावटीभन्दा प्रभावकारी सहयोग र प्रभावित नागरिकको सुरक्षालाई पहिलो प्राथमिकतामा राख्नू' रविको निर्देशन थियो।

त्यस्तै उनले फोटो तथा प्रचारका लागि मात्र राहत वितरण गर्ने कार्य नगर्न पनि निर्देशन दिएका छन्। उनले पार्टीका स्वयमसेवक परिचालन गर्दा पनि आवश्यक तयारी गरेर मात्र गर्न भनेका छन्।

स्वयंसेवक परिचालन गर्दा आवश्यक सुरक्षा सामग्री, तालिम तथा समन्वय सुनिश्चित गर्न पनि निर्देशन दिए।

प्रभावित क्षेत्रमा सूचना नदिई पुगेका सांसदहरूलाई समेत तत्काल फर्किन उनले निर्देशन दिएका छन्। 'हाम्रो पार्टीको तर्फबाट पनि अनावश्यक माग वा हस्तक्षेप नगरी आवश्यक समन्वय र सहयोगमा मात्र केन्द्रित रहौं,' उनले भने, 'प्रभावित क्षेत्रमा बिना पूर्वसूचना पुग्नुभएका सांसदहरूलाई समेत तत्काल फर्किन निर्देशन, ताकि उद्धार तथा राहत कार्यमा थप भीडभाड वा दोहोरोपन नहोस्।'

उनले हरेक दिन कम्तीमा ३ पटक प्रेस ब्रिफिङमार्फत आधिकारिक सूचना सार्वजनिक आवश्यक रहेको बताएका छन्। प्रभावित क्षेत्रमा उद्धार, राहत तथा समन्वयका लागि अनुभवी सहसचिवलाई तत्काल खटाउन प्रधानमन्त्री कार्यालयले आवश्यक पहल गर्नुपर्ने उनको भनाइ थियो।

पार्टीको कमान्ड सेन्टरबाट हुन काम र सरकारी सयन्त्रबाट हुने काममा दोहोरोपना नआउने गरी काम गर्न पनि उनले निर्देशन दिए।

साथै मृतकको संख्या वा अवस्थाबारे अपुष्ट सूचना नदिन, शव व्यवस्थापनजस्ता शब्द प्रयोग नगरी सम्मानजनक र संवेदनशील भाषामा मृतकको व्यवस्थापन तथा अन्त्यष्टि भन्न पनि उनको निर्देशन छ।

लासलाई शव भन्न पनि उनले आग्रह गरेका छन्।

